सुनापति गाउँपालिका,गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: ०७

आ.व:२०८२/०८३

मिति: २०८२ मंसिर ०५

समय: बिहान ८:०० बजे

स्थान: सुनापति गाउँ कार्यपालिकाको कार्यालय।

आज मिति २०८२ साल मंसिर ०५ गते शुक्रवारका दिन यस सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलो कान्छा तामाङज्यूको अध्यक्षतामा सुनापति गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

**उपस्थितिः**

| | |
|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. श्री पदम बहादुर थापा | सदस्य |
| ५. श्री कुल बहादुर थिङ | सदस्य |
| ६. श्री डन्डुप लामा | सदस्य |
| ७. श्री चित्र बहादुर मानन्धर | सदस्य |
| ८. श्री रीता कामी धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | ~~सदस्य~~ सचिव |

**अन्य उपस्थितिः**

१५ .श्री शर्मिला थिङ - कार्यालय सहयोगी

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को सातौं कार्यपालिका बैठक 								०५ मंसिर २०८२

नै.स. ११४६ थिंलाथ्व १ शुक्रबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्लो यस भन्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | योजना कार्यान्वयन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमबाट स्वीकृत तपसिलका योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो।<br>वडा नं. १ आन्तरिक स्रोत तर्फः<br>१. गुन्सी वडा कार्यालय गराटी धारापानी हुँदै भिस्मेचौर सडक स्तरोन्नति रु. ६ लाख।<br>आन्तरिक स्रोत तर्फको पूर्वाधार विकास अन्तर्गतका योजनाहरु तत्कालको लागि कार्यान्वयन नगर्ने।<br>तपसिलका प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फको कार्यक्रमहरुको कार्यान्वयन गर्न बोलपत्र आह्वान गर्ने।<br>१. डुम्टार पुरनटार घारकोट जोरधारा सडक स्तरोन्नति रु. ५० लाख।<br>२. सादीडाँडा टोल ग्यापक टोल सडक स्तरोन्नति रु. २५ लाख।<br>३. छापडाँडा सिंचाई पोखरी निर्माण, सुनापति ३ रु. २५ लाख।<br>४. चौरी खोला झोलुङ्गे खानेपानी आयोजना, सुनापति १ रु. २५ लाख।<br>५. धारापानी सामुदायिक स्वास्थ्य इकाई सुदृढीकरण, सुनापति १ रु. १० लाखः कोटेसन विधिबाट कार्यान्वयन गर्ने।<br>तपसिलका संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फको कार्यक्रमहरुको कार्यान्वयन गर्न बोलपत्र आह्वान गर्ने।<br>१. मध्येपहाडी लोकमार्ग डहु मा.वि.- वडा कार्यालय सडक निर्माण, सुनापति-४, रामेछाप रु.४० लाख।<br>२. सक्षमचौतारा, पानीट्याङ्की, दिमी, मानपुर हुँदै दोरम्बा सैलुङ गाउँपालिका केन्द्र कालोपत्रे सडक सुनापति ०२, सुनापति गाउँपालिका-२ रामेछाप रु.२५ लाख। |
| ३ | अनुगमन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा वडा कार्यालय, स्वास्थ्य संस्थाहरु साथै विद्यालयहरुको गाउँ कार्यपालिका कार्यालयको तर्फबाट नियमित तथा आकस्मिक रुपमा अनुगमन नियमन र निर्देशन गर्नुको साथै र कार्यान्वयनमा रहेका योजनाहरुको नियमित अनुगमन गरी सुझाव सहितको प्रतिवेदन गर्ने निर्णय गरियो। |

CamScanner

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को सातौं कार्यपालिका बैठक ०५ मंसिर २०८२

ने.स. ११४६ थिंलाथ्व १ शुक्रबार

| | | |
|---|---|---|
| ४ | एकिकृत घुम्ती शिविर सञ्चालन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा वार्षिक रुपमा सञ्चालन गर्दै आएको व्यवसाय नवीकरण र दर्ता, योजना सम्झौत र उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम, ज्येष्ठ नागरिक परिचय पत्र वितरण, अपाङ्ग परिचय पत्र वितरण र अद्यावधिकको लागि मिति: २०८२ पुष २ गते देखि ६ गतेसम्म एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने निर्णय गरियो। |
| ५ | कार्यविधि स्वीकृत सम्बन्धमा। | तपसिलका कार्यविधिहरु स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. गाउँघर क्लिनिकलाई सामुदायिक स्वास्थ्य इकाईमा स्तरोन्नति गर्ने सम्बन्धी कार्यविधि, २०८२।<br>२. सुत्केरीसँग उपाध्यक्ष भेटंघाट (पोषण सामाग्री तथा कोसेली) कार्यक्रम सञ्चालन कार्यविधि, २०८२।<br>३. सुनापति गाउँ पालिकास्तरीय उद्यमी सञ्जालको विधान, २०८२।<br>४. सुनापति गाउँपालिका स्तरीय उद्यमी सञ्जाल सञ्चालन कार्यविधि, २०८२।<br>५. विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८२। |
| ६ | आधारभूत अस्पताल उद्‌घाटन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति आधारभूत अस्पतालको औपचारिक उद्‌घाटन यहि मिति २०८२ मंसिर १८ गते उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्री र शहरी विकास मन्त्र श्री कुलमान घिसिङ्गको प्रमुख आतिथ्यतामा सिलापत्र अनावरण गरी समुद्‌घाटन गर्ने र सो कार्यक्रममा तपसिलका व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्ने निर्णय गरियो।<br>तपसिलः<br>सुनापति आधारभूत अस्पताल भवन निर्माणको लागि जग्गा दान गर्नुहुने जग्गादाताहरुः<br>१. चक्र बहादुर खत्री<br>२. लाल बहादुर तामाङ<br>३. भोज बहादुर तामाङ<br>४. कान्छी तामाङ<br>५. राम कुमार श्रेष्ठ<br>सुनापति आधारभूत अस्पताल भवन निर्माणको लागि जग्गा व्यवस्थापनको लागि अतुलनीय भूमिका निर्वाह गरेका समाजसेवी, निर्माण कम्पनीका ठेकदार लगायतका व्यक्तिहरुः |

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को सातौं कार्यपालिका बैठक ०५ मंसिर २०८२

ने.स. ११४६ थिंलाथ्व १ शुक्रबार

| | | |
|---|---|---|
| | | १. वीर बहादुर तामाङः समाजसेवी<br>२. देवेन्द्र कुमार कार्कीः ठेकदार<br>साथै उक्त उद्घाटन कार्यक्रममा पञ्चेबाजा समूहको रु. १५ हजार र डम्फु समूहको रु. १५ हजार भुक्तानी हुने गरी व्यवस्था गर्ने। |
| ७ | कृषि साझेदारी रकम भुक्तानी सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा आ.व. २०८१/०८२ मा कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बागमति प्रदेश हेटौंडाबाट समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा सुनापति गाउँपालिका वडा नं. ५ बाख्रापालनको लागि छनौट भएको र उक्त कार्यक्रमको कुल बजेटको २० प्रतिशत गाउँपालिकाबाट साझेदारी रकम भुक्तानी गर्नु पर्नेमा सो रकम छनौट भएको कृषक समूहबाट जम्मा गर्न लागाई कार्यक्रम सञ्चालन भएको र सो रकम पालिकाको तर्फबाट आ.व. २०८२/०८३ को साझेदारी बजेटबाट स्रोत भर्ना गर्ने पूर्व निर्णय बमोजिम श्री उधमशील कृषक समूह, सुनापति ५ को बैंक खातामा रु. १३,३३,३३४/- तेर लाख तेत्तीस हजार तीन सय चौतिस रुपैयाँ भुक्तानी गर्ने निर्णय गरियो। |
| ८ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिका भित्रका ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई ब्लाङ्केट वितरण गरी सम्मान गर्ने तथा १०० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई दोसल्ला ओढाएर सम्मान पत्र सहित सम्मान गर्ने निर्णय गरियो। यो कार्यक्रम यहि मंसिर महिनाभित्र गर्ने र सोको भुक्तानीको लागि पुस १० गते हुने गाउँसभाको अधिवेशनबाट बजेट व्यवस्था गर्ने निर्णय गरियो। |
| ९ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गर्ने सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा अन्तर्राष्ट्रय लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान वार्षिक कार्यपात्रोमा उल्लेख गरे बमोजिमको मितिमा विभिन्न चेतनामूलक कार्यक्रम गरी सञ्चालन गर्ने निर्णय गरियो। |
| १० | गाउँ शिक्षा समिति पुनः गठन सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँशिक्षा समितिको पुनः गठन तपसिलको पदाधिकारीहरु रहने गरी गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. गाउँपालिका अध्यक्ष श्री ठूलोकान्छा तामाङः अध्यक्ष<br>२. गाउँपालिका उपाध्यक्ष श्री गिता विष्टः सदस्य<br>३. प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठः सदस्य |

प्रमुख

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को सातौं कार्यपालिका बैठक ०५ मंसिर २०८२

नेे.स. ११४६ थिंलाथ्व १ शुक्रबार

| | | |
|---|---|---|
| | | ४. गाउँसभाका सदस्यहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको २ जना महिला सहित ३ सदस्यहरुः तारा कार्की, रिता कामी धमाला र राजेश्वर बोहरा।<br>५. शिक्षा शाखा प्रमुख श्री कमल बमः सदस्य सचिव।<br>अन्य सदस्यहरु गाउँ शिक्षा समितिको बैठकबाट मनोनित गर्ने र वडा शिक्षा समिति गठन तुरुन्त गर्ने निर्णय समेत गरियो। |
| ११ | भवन भत्काउन अनुमति दिने सम्बन्धमा। | श्री बाल माध्यामिक विद्यालय भिरकोटको च.नं. २९, मितिः २०८२।०७।१९ को पत्र तथा उक्त विधालयको वि.व्य.स. को मितिः २०८१।१२।२१ को बैठकको निर्णयको प्रतिलिपि अनुसार विद्यालयको मुख्य प्रवेशद्वार बाहिर रहेको ट्रस्ट र ढुङ्गामाटोबाट निर्मित पुरानो विद्यालय भवन भत्काउनका लागि अनुमति माग भई आए बमोजिम वडा नं. ५ को वडा प्राविधिकसँगकव समन्वयमा प्रहरी प्रशासनको प्रतिनिधि, वडा कार्यालयका प्रतिनिधि तथा वि.व्य.स. पदाधिकारी तथा शिक्षक अभिभावक संघका पदाधिकारीको रोहवरमा खर्च भएर नजाने सामाग्रीहरु पुनः प्रयोगको सुनिश्चितता गर्ने शर्तमा उक्त पुरानो भवन भत्काउन अनुमति दिने निर्णय गरियो।<br>साथै सुनापति गाउँपालिका वडा नं. २ को वडा समितिको निर्णय अनुसार दिमिस्थिति वि.सं. २०५१ सालमा स्थापित श्री सन्तोषी आ.वि. न्यून विद्यार्थि संख्याको कारण वि.सं. २०७२ सालमा श्री अग्लेश्वरी मा.वि. मा गाभिएको र २०७२ सालको भूकम्पको कारण उक्त विद्यालयको भवन क्षतविक्षत भई भत्किएर जिर्ण अवस्थामा रहेकोले वडा प्राविधिकको समन्वयमा प्रहरी प्रतिनिधि, वडा कार्यालयको प्रतिनिधि र स्थानीय सहितको रोहवरमा संयुक्त मुचुल्का खडा गरी खर्च भएर नजाने सामाग्रीहरु वडा कार्यालयमा हस्तान्तरण गरी सुरक्षित रुपमा राखे गरी उक्त विद्यालयको जिर्ण भवन भत्काउन अनुमति दिने निर्णय गरियो। |
| १२ | सूचना प्रकाशन गर्ने सम्वन्धमा। | यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरु तथा सामुदायिक सिकाई केन्द्रको आ.व. २०८१/८२ को अन्तिम लेखापरीक्षण गर्नका लागि नियमानुसार सूचिकृत हुन लेखापरीक्षण फर्महरुको लागि १५ दिने सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो। |
| १३ | ट्रान्समिटर सञ्चालन गर्ने सम्वन्धमा। | यस सुनापति गाउँपालिकाको आहालडाँडा र पालिका केन्द नजिक जडान गरिएको तर उपयोगमा नआएको ट्रान्समिटर तुरुन्त सञ्चालन गर्न पहल गर्ने। |

CamScanner

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप
आ.व.२०८२/०८३ को सातौं कार्यपालिका बैठक — ०५ मंसिर २०८२

नेसं. ११४६ थिंलाथ्व १ शुक्रबार

| | | |
|---|---|---|
| १४ | सार्वजनिक सुनुवाई सम्वन्धमा। | यसं सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम वडां नं. ५ को एकीकृत घुम्ती शिविर कार्यक्रमको दिन मितिः २०८२ पुष ६ गते ५ नं. वडा कार्यालयमा सञ्चालन गर्ने निर्णय गरियो। |
| १५ | भुक्तानी सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा तिहारको उपलक्ष्यमा जित्केन मिडिया हाउसको आयोजना र सुनापति गाउँपालिकाको व्यवस्थापनमा चियापान तथा सांस्कृतिक जागरण कार्यक्रम आयोजना गरिएकोमा सो कार्यक्रमको प्रस्ताव स्वीकृत गरी रु. २ लाख विनियोजित वजेट शिर्षक स्थानीय कला संस्कृति धर्म सम्वन्धी दिवस तथा विपन्न स्वास्थ्य उपचार र संघ संस्था सहायता कोषबाट प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन व्यवस्थापनको लागि जित्केन मिडिया हउसलाई भुक्तानी दिने निर्णय गरियो। |
| १६ | गलैंचा र थान्का सम्वन्धी कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धमा। | प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फको कार्यक्रम गलैंचा र थान्का उद्योग प्रवर्द्धन, सुनापति गा.पा., रामेछाप रु. २५ लाखबाट तपसिल अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो।<br>• गत वर्ष एक महिना गलैंचा तालिम लिएका उद्यमीहरुलाई थप २ महिना तालिम दिने र नयाँ सिक्न चाहनेहरुलाई पनि तालिममा समावेश गर्ने।<br>• भिरकोट, डहु र हिलेदेवीमा थान्का बुनाई सम्वन्धी तालिम सञ्चालन गर्ने।<br>• श्री उद्योग तथा वाणिज्य कार्यालय मन्थली, रामेछापको आयोजनामा सञ्चालन हुने थाङ्का बुनाई सम्वन्धी तालिम नयाँ उद्यमीहरुको लागि भिरकोटमा सञ्चालन गर्ने निर्णय गरियो। |
| १७ | एम्बुलेन्स भाडा निःशुल्क गर्ने सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा पारिवारिक रुपमा आर्थिक अवस्था कमजोर रहेका र विरामी भई एम्बुलेन्स सेवा लिएका तपसिलका व्यक्तिहरुको एम्बुलेन्स भाडा निःशुल्क गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. सिताराम खड्का सुनापति ३।<br>२. म्हारे तामाङ सुनापति ५, परिवार नै मानसिक रोगी रहेको। |
| १८ | रकम दाखिला गरी प्रमाण पेश गर्ने सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षणबाट प्राप्त म.ले.प.को प्रारम्भिक प्रतिवेदनमा प्रमाण पेश नगरेको भनी तपसिलमा उल्लेख भएको वेरुजु रकम दाखिला गरी सो को वैंक भौचर प्रमाणको रुपमा पेश गर्ने निर्णय गरियो।<br>तपसिलः |